शिकारकै:—

| | | |
|---|---|---|
| जुनसुकै बन्दूक जति थान भए पनि | मोरु १० फी थान | मोरु ३ तीस फी थान |
| रीन्यू गराउँदा | मोरु ५ ,, | मोरु १५। ,, |

टेम्पोररी लाइसेन्स:—

| | | |
|---|---|---|
| पेस्तौल रिवलवर | मोरु १०। दश | मोरु १०। दश |
| जुनसुकै बन्दूक राइफल | मोरु ५। पाँच | मोरु ५। पाँच |

नोट: यो दरबन्दीमा मोरुलाई करु गर्नुपरेमा मोरु १०० को करु ८० को हिसाबले गर्नु।

रामप्रसाद जोशी,
असिस्टेन्टसेक्रेटरी -अर्थ( आय ) विभाग,

## अर्थ ( आय ) विभागको सूचना

फिलिमको भन्सार महसूल र मनोरञ्जनकरको रेट

०९ साल फाल्गुन २१ गते श्री ५ महाराजाधिराज र मौसूफका परामर्श-दाताहरूको सभाबाट फिलिमको भन्सार महसूल र मनोरञ्जन करविषयमा देहाय-बमोजिमको संशोधित रेट पास भै आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला।

फिलिमको भन्सार महसूल

| असामी— | —कम्पनीको दरबन्दी— भएको ठाउँमा | मोहरको दरबन्दी भएको ठाउँमा |
|---|---|---|
| (१) (क) सिनेमा फिलिमहरूमा | ।१ एक आना प्रतिफूट | ।८ आठपैसा प्रति फूट |

(ख) वैज्ञानिक, स्वास्थ्य,
नागरिकज्ञान, उद्योग—

यो प्रतिलिपि सूचना विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| व्यवसायको ज्ञान, नेपालको ऐतिहासिक गौरव देखाउने डकुमेण्टरी फिलिमहरू र न्यूजरिलहरूमा । | ।६ छपाई प्रतिफूट | ।४ चारपैसा प्रतिफूट |
| (ग) शिक्षासंस्थाहरूले बेदैसामा देखाउने फिलिम सेन्सर बोर्डले पास नगरेको हुनाले नदेखाई फिर्ता जाने फिलिमहरू | माफी | माफी |

(घ) दश हजार अथवा सोभन्दा बढी फिट लम्बाई भएको सबै फिलिममा दश हजार फिटसम्मको मात्र महसूल लिने ।

(२) एक दिनको एउटा फिलिममा दरबन्दी (एक आना प्रतिफूट) को $\frac{१}{६}$ को दरले महसूल लिने बढीमा ।६ दिनसम्मको मात्र लिने ।

(३) सिनेमाहलहरूले प्रत्येक शो'मा एउटा न्यूजरिल वा एउटा शिक्षाप्रद डकुमेण्टरी फिलिम देखाउनुपर्छ । नदेखाएमा प्रत्येक 'शो' को रु. २ दुइ जरिवाना गर्ने र साथै यसरी देखाइने एउटा फिलिमसम्मको महसूल नलिने ।

(४ ३५ प्रतिशतको बदलामा तल लेखिएबमोजिम मनोरञ्जनकरको दरबन्दी गर्नेः—
हिन्दुस्थानी सिक्काको दरवन्दीमा

| करबाहेकको टिकटको मोल | कर |
|---|---|
| रु ।५ (आना ?) सम्म भएमा | ।१ आना |
| रु ।१० " सम्म भएमा | ।२ " |
| रु ।। सम्म भएमा | ।४ " |
| रु १।८ सम्म भएमा | ।८ " |
| रु २। सम्म भएमा | १ रुपैयाँ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसभन्दा बढी प्रति ।८ आना वा त्यसको भित्रमा ।८ आना

| मोहरको दरबन्दीमा- करबाहेक टिकटको मोल | कर |
|---|---|
| मोरु ।३१ सम्म भएमा | ।७ पैसा |
| मोरु ।६२ सम्म भएमा | ।१७ पैसा |
| मोरु १। सम्म भएमा | ।२५ ,, |
| मोरु १।५० सम्म भएमा | ।५० ,, |
| मोरु २। सम्म भएमा | १। |

यसभन्दा बढी प्रतिमोरु ।५० वा त्यसको भित्रमा ।५० पैसा ।

(५) आइन्दा विलासकरको बदला मनोरञ्जक कर भन्नु ।

(६) यो नियम १० साल वैशाख १ गतेदेखि लागू हुनेछ ।

रामप्रसाद जोशी,
असिस्टेण्ट सेक्रेटरी—
अर्थ (आय) विभाग.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।